# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७८।०८।२० गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सुर्खेत, पञ्चपुरी नगरपालिका वडा नं. ११ कुईनेमा रहेको पातालगैरी सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरुको मिलेमतोमा काठ बिक्रीबाट प्राप्त रकम हिनामिना र जङ्गल फडानी गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा समूहको स्वीकृत कार्ययोजना विपरित समूहको रकम अनियमित तरिकाले हिनामिना गरेका देहायबमोजिमका व्यक्तिहरूलाई देहायबमोजिम सजायको मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

देहाय:

| सि.नं. | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | अध्यक्ष हरि दमाई, कोषाध्यक्ष खड्क प्रसाद जैसी र सचिव पूर्णिमा शाह (सिंह) | जिल्ला सुर्खेत पातालगैरी सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी | रु.१८,७७,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर भएकोले सोही ऐनको दफा ३ को उपदाफा (१) को खण्ड (च) बमोजिम मागदावी लिइएको छ । |
| २. | सदस्य रण बहादुर बडुवाल | ऐ.ऐ. | रु.५,५०,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर देखिएकाले सोही ऐनको दफा ३ को उपदाफा (१) को खण्ड (ङ) बमोजिम मागदावी लिइएको छ । |
| ३. | सदस्य भरत बहादुर शाही | ऐ.ऐ. | रु.१,५०,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर देखिएकाले सोही ऐनको दफा ३ को उपदाफा (१) को खण्ड (घ) बमोजिम मागदावी लिइएको छ । |
| ४. | प्रेम बहादुर सिंजापती | पातालगैरी सामुदायिक वनका उपभोक्ता | रु.८,८७,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसुर देखिएकाले सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम मागदावी लिइएको छ । |
| ५. | हस्तना देवी शाही | पातालगैरी सामुदायिक वनका उपभोक्ता | रु.१,१५,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसुर देखिएकाले निजलाई सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम मागदावी लिइएको छ । |
| ६. | अशोक सिंह | पातालगैरी सामुदायिक वनका उपभोक्ता | रु.२५,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसुर देखिएकाले निजलाई सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम मागदावी लिइएको छ । |

प्रवक्ता
नारायण प्रसाद रिसाल